# अजयमेरु गाउँकार्यपालिकाको वैठक

वैठक मिति : २०७६।५।२ | वैठक संख्या ६९ | स्थान : भद्रपुर

आज मिति २०७६।५।२ गतेका दिन यस अजयमेरु गाउँकार्यपालिकाका अध्यक्ष श्री उमेश प्रसाद भट्ट विकास ज्यूको अध्यक्षतामा तपशिलको उपस्थीतीमा गाउँकार्यपालिकाको वैठक बसि तपसिलका प्रस्तावहरुमाथि छलफल गरी तपशिल वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिती

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उमेश प्रसाद भट्ट | अध्यक्ष | |
| २ | श्री कलावति भाँड | सदस्य | |
| ३ | श्री दत्ति सिहँ भण्डारी | सदस्य | |
| ४ | श्री शिवराज भट्ट | सदस्य | |
| ५ | श्री रमेश प्रसाद वाहुन | सदस्य | |
| ६ | श्री टिका वदादुर विष्ट | सदस्य | |
| ७ | श्री भोज वहादुर पाल | सदस्य | |
| ८ | श्री दान वहादुर खड्का | सदस्य | |
| ९ | श्री जानकि दमाइ | सदस्य | |
| १० | श्री शान्तिदेवी ऐडी | सदस्य | |
| ११ | श्री विन्दु देवी ठकुराठी | सदस्य | |
| १२ | श्री निर्मला पन्त | सदस्य | |
| १३ | श्री मदन सुनार | सदस्य | |
| १४ | श्री चेतराज ओड | सदस्य | |
| १५ | श्री | आ.सदस्य | |
| १६ | श्री खेमराज पौडेल | सचिव | |

प्रस्तावहरु :

| प्र नं | प्रस्ताव : |
|---|---|
| १ | गाउँपालिका दररेट निर्धारण सम्वन्धमा । |
| २ | गौरा पर्व तथा तिज सम्वन्धमा । |
| ३ | गरिवसंग विशेश्वर कार्यकमको सामाजिक परिचालक को म्याद थप सम्वन्धमा । |
| ४ | वेरुजु रकम सम्वन्धमा । |
| ५ | खेलकुद प्रशिक्षक नियुक्ति सम्वन्धमा |
| ६ | टेण्डर आवहान सम्वन्धमा । |
| ७ | नमुना कृषि फार्म सम्वन्धमा । |
| ८ | युवा चकिय कोष संचालन सम्वन्धमा । |
| ९ | सुपथ मुल्यका पशल संचालन सम्वन्धमा । |

निर्णय न १ : गाउँपालिका स्तरीय दररेट निर्धारण समितिले निर्णय गरेबमोजिमको गाउपालिका स्तरीय दररेट निर्धारण समितिले जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटका आधारमा गरेको परिमार्जन पारीत गरी कार्यान्वयन गर्न निर्णय गरियो ।

निर्णय नं २ : आउदै गरेको गौरा पर्व तथा तिज पर्व को अवसरमा प्रत्येक वडामा संस्कृति प्रवर्द्धन शिर्षकवाट ३०,०००। विनियोजन गरी वडाको निर्णयको आधारमा कार्यक्रम संचालन गर्ने तथा हुक्का चिलिम समाज डडेल्धुरा को गौरा प्रतियोगिता संचालन गर्न २५,०००। सहयोग गर्ने निर्णय गरियो ।साथै चाडपर्वको अवसरमा वजार अनुगनलाइ प्रभावकारी वनाउने निर्णय गरियो ।

निर्णय नं ३ :भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय को च.न. २६ मिति २०७६।०४।०७ को पत्रानुसार गरिवसंग विशेश्वर कार्यक्रम अर्न्तगत सामाजिक परिचालक वसन्ती पालको म्याद २०७७ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन मा देखाएको योजनाहरुको वेरुजु रकम वरावर थप काम गराउने निर्णय गरियो ।

निर्णय नं ५ : गाउँपालिका स्तरीय भलिवल प्रशिक्षकमा लाल वहादुर पाण्डेय १२,५००, तथा मार्सलआर्ट प्रशिक्षकमा ओम प्रकाश पन्तलाइ मासिक १५,०००। रकम खेलकुद प्रवर्द्धन शिर्षकवाट प्रशिक्षक भत्ता भुक्तानी दिने गरी नियुक्ति दिइ काम काज गराउने निर्णय गरियो ।

निर्णय नं ६: गाउँपालिकाको स्वीकृत कार्यक्रम अर्न्तगत सडक ग्रयावेलिगं को लागी वडा केन्द्र तथा गाउँपालिका केन्द्र सडक जोड्ने सडकमा ग्रयावेलिगं गर्नको प्राविधिक सर्भेका आधारमा र प्रीफ्याव तालिम भवन (वहुवर्षिय) टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं ७ : गाउँपालिकाको स्वीकृत कार्यक्रम अर्न्तगत नमुना कृषि फार्म स्थापनाको लागी आवश्यक ३० रोपनी जग्गा भाडामा दिन चाहाने इच्छुक जनताको लागी एकल वा संयुक्त निवेदन लिन सुचना आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं ८ : युवा चकिय कोषका लागी निवेदन दिएकाहरुको प्राविधिक टोलिले स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गरेपछि कार्यपालिकाको निर्णय गरी सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं ९ : गाउपालिकाको स्वीकृत कार्यक्रम अर्न्तगत प्रत्येक वडा कार्यालयमा दशै तिहारमा सुपथ मुल्य पसल संचालनको लागी नुन २ केजि, चिनी १० केजी ,खानेतेल ५ लि २० प्रतिशत छुटमा सामान वितरण गर्ने निर्णय गरियो ।